म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ६६ | बिहीबार २७ असोज २०७९ | ने. सं. ११४२ कौलागा | 13 October, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**विज्ञापन आचारसंहिताको पालना गरौं**

- विज्ञापन गर्दा कसैको पनि आत्मसम्मान वा मर्यादामा चोट नपुऱ्याऔं ।
- विज्ञापनमा महिलालाई यौन, भोग्य वस्तु, विलासिता वा मनोरञ्जनको साधनको रुपमा प्रयोग नगरौं ।
- संवेदनशील अंग प्रदर्शन गर्ने, यौन उत्तेजना फैलाउने खालका विज्ञापन नगरौं ।
- महिलालाई पुरुषको तुलनामा कमजोर पात्रको रुपमा प्रस्तुत नगरौं ।
- लैङ्गिक विभेद र महिला हिंसालाई बढवा दिने विज्ञापन नगरौं ।
- कुनै जात, जाती, धर्म, संस्कृति, प्रथा, परम्परा वा रीतिरिवाजप्रति अपहेलना र अपमानित गर्ने, भ्रम सृजना गर्ने, घृणा फैलाने विज्ञापन नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

### प्रतिनिधिसभामा मकवानपुरबाट समानुपातिक उम्मेदवार

# एमाले शून्य, माओवादी प्रदेशमा नै खुम्चियो

साझाकुरा संवाददाता

हेटौंडा, २६ असोज/ आगामी मंसिर ४ गते प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन हुँदैछ ।

निर्वाचनको मिति नजिकिँदै गर्दा देशैभरि यसको रौनक पनि सुरु भइसकेको छ । प्रतिनीधिसभा र प्रदेशसभाको निर्वाचन अन्तर्गत समानुपातिकको बन्दसुचि र प्रत्यक्षतर्फ उम्मेदवारी दिने कार्य पनि भइसकेको छ । देशभर १६५ वटा प्रतिनिधिसभाको निर्वाचन क्षेत्र रहेको छ । ती निर्वाचन क्षेत्रबाट निर्वाचित भएर आगामी पाँच वर्ष प्रतिनिधिसभामा रहेर ऐन कानुन निर्माण गर्ने तथा सरकार सञ्चालन गर्ने योजनासहित उम्मेदवारहरुले उम्मेदवारी दिइसकेका छन् ।

मकवानपुरमा पनि दुई वटा प्रतिनिधिसभा र ४ वटा प्रदेशसभा निर्वाचन क्षेत्र रहेको छ । मकवानपुर बागमती प्रदेशको राजधानीसँगै ठुला दलमा शिर्ष तहका नेताहरु भएको जिल्ला पनि हो । तर, पनि आगामी मंसिर ४ गते हुन लागेको प्रतिनिधिसभाको निर्वाचनमा समानुपातिकतर्फको बन्दसुचीमा भने प्रमुख दलहरुबाटै मकवानपुरमा नेताहरु अटाउन सकेका छैनन् ।

प्रतिनिधि सभातर्फ समानुपतिक बन्दसुचीमा नेकपा एमाले र नेकपा (माओवादी केन्द्र)का उम्मेदवार शुन्य रहेका छन् । कम्युनिष्टको लालकिल्ला भनेर चिनिने मकवानपुरबाट समानुपतिकमा एक जनाको पनि नाम पर्न नसकेको हो । नेपाली कांग्रेसबाट भने एकजनाको ना बन्दसुचिमा परेको छ ।

नेकपा एमाले मकवानपुरका अध्यक्ष एकालाल श्रेष्ठ प्रतिनिधिसभाको बन्दसुचिमा मकवानपुरबाट एकजना पनि पार्न नसकिएको बताउँछन् । जिल्लाको १ नम्वर निर्वाचन क्षेत्र नचाहेरै गुमाएको एमाले मकवानपुरले बन्दसुचिमा पनि नाम पार्न नसकेको हो । एमालेले मकवानपुर-१ मा आफ्नै पार्टीको उम्मेदवार उठाउन चाहेपनि केन्द्रबाट पार्टीले राप्रपा नेपालका अध्यक्ष कमल थापालाई




समर्थन गरेपछि एउटा प्रत्यक्षतर्फको सिट गुमाएको एमालेले समानुपातिकतर्फ एउटा पनि सिट पाउन सकेन । पार्टीको मकवानपुर अध्यक्ष श्रेष्ठ भने प्रदेशसभातर्फ तीनजनाको ना समानुपातिकमा परेको भन्दै त्यसैमा चित्त बुझाउनुपर्ने बताउँछन् ।

लामो समयदेखी प्रतिनिधिसभामा प्रत्यक्षतर्फ भाग लिन नपाएको नेकपा माओवादी केन्द्र आगामी निर्वाचनमा पनि प्रत्यक्ष र समानुपातिक दुवैतर्फबाट वञ्चित भएको छ । एमालेसँगको बाम गठबन्धनको कारण अघिल्लो निर्वाचनमा प्रत्यक्षतर्फ सिट नपाएको माओवादी आगामी निर्वाचनमा पनि प्रदेशसभामा मात्रै खुम्चिएको छ ।

हाल कायम सत्ता गठबन्धनको कारण प्रत्यक्षतर्फ सिट नपाएको मकवानपुरको माओवादीले समानुपातिकमा पनि प्रतिनिधिसभातर्फ नाम पार्न सकेन । जिल्लामा रहेको दुईवटा प्रतिनिधिसभाको सिट नेकपा एकिकृत समाजवादी र नेपाली कांग्रेसले बाँडफाड गरेका छन् ।

माओवादी केन्द्रको बागमती प्रदेश उपाध्यक्ष प्रेम बहादुर पुलामीले पार्टीले मकवानपुरमा आगामी निर्वाचनमा प्रतिनिधिसभातर्फ प्रत्यक्ष र समानुपातिक दुवैमा सिट नपाएको स्विकार गरे । उनले यस विषयमा थप बोल्न भने रुचाएनन् । तर, माओवादीका नेताहरु भने प्रतिनिधिसभा छोडेर प्रदेशसमा मात्रै खुम्चिन परेको भन्दै असन्तुष्ट छन् । उनीहरुले सामाजिक सञ्जालदेखी सार्वजनिक रुपमा नै आफ्नो असन्तुष्टि पोख्दै आएका छन् ।

अर्को ठुलो दल नेपाली कांग्रेसले भने मकवानपुरबाट एकजनाको नाम अटाएको छ । गठबन्धनसँगको भागवण्डामा पनि प्रतिनिधिसभातर्फ मकवानपुर-१ मा प्रतयक्षतर्फको उम्मेदवार महिलालाई बनाएको कांग्रेसले समानुपातिकमा पनि महिलालाई नै अवसर दिएको छ ।

कांग्रेसले मकवानपुर-१ बाट सहमहामन्त्री महालक्ष्मी उपाध्याय डीनालाई प्रत्यक्षतर्फ उम्मेदवार बनाएको छ भने समानुपातिकमा उमा दाहालको नाम बन्दसुचीमा राखेको छ । कांग्रेस मकवानपुरका प्रवक्ता अर्जुन चौलागाई आफूहरुले महिलालाई प्राथमिकता दिएर प्रतिनिधिसभाको प्रत्यक्ष र समानुपातिक दुवैमा महिलालाई अवसर दिएको बताउँछन् ।

मकवानपुरमा नेकपा (एकीकृत समाजवादी) बाट बन्दसुचीमा आदिवासी जनजाती महिलातर्फबाट राजाराम स्याङ्तान र दलिततर्फ कल्पना विश्वकर्मा परेका छन् । त्यस्तै, नेपाली कांग्रेस (वि.पी)बाट खसआर्य तर्फ रिताकुमारी खनाल, दलिततर्फ चुनुकुमारी दमाई, आदिवासी जनजातीतर्फ रामबहादुर थिङ र रामकुमारी घलान रहेका छन् । विवेकशील साझा पार्टीबाट भने दलिततर्फ मकवानपुरकी सोभिता परियार बन्दसुचीमा परेकी छिन् । रवि लामिछाने नेतृत्वको पार्टी राष्ट्रिय स्वतन्त्र पार्टीबाट सिता पौडेल, निर्माण प्रजा मनहरी र सुनिता राई (दनुवार) को ना समानुपातिकमा परेको पार्टीको जिल्ला अध्यक्ष राजकुमार न्यौपानेले बताए । राप्रपा नेपालबाट शान्ति बुलुन, राधिका श्रेष्ठ, बालकृष्ण कार्की, अम्बिका कुमारी, सुमित्रा कठायत र कृष्णराम परियार परेका छन् । त्यस्तै, राप्रपाबाट रामबहादुर थोकर र इन्दिरा न्यौपाने परेकी छिन् । राष्ट्रिय जनमोर्चाबाट भने शुभराज गोले परेका छन् ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार प्रतिनिधिसभा क्षेत्र नम्बर १ र २ नम्बर क्षेत्रमा गरी २६ जनाले प्रत्यक्षतर्फ उम्मेदवारी दिएका छन् । हेटौंडाको १५ वटा वडा, बागमती गाउँपालिका, बकैया गाउँपालिका र मकवानपुरगढीको ४ वटा वडा रहेको १ नम्बर क्षेत्रमा १६ जनाले उम्मेदवारी दिएका छन् ।

हेटौंडाको ४ वटा वडा, थाहा नगरपालिका, मनहरी, राक्सिराङ, कैलाश, इन्द्रसरोबर, भीमफेदी र मकवानपुरगढी गाउँपालिकाको ४ वटा वडा रहेको २ नम्बर क्षेत्रमा १० जनाको उम्मेदवारी परेको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

प्रतिनिधिसभा क्षेत्र नम्बर १ मा नेकपा एमालेको तर्फबाट राप्रपा नेपालका अध्यक्ष कमल थापा, गठबन्धनको तर्फबाट नेपाली कांग्रेसकी सहमहामन्त्री महालक्ष्मी उपाध्याय (डीना), राप्रपाका केन्द्रीय सदस्य दिपकबहादुर सिंह, हाम्रो नेपाली पार्टीका दिपेन्द्र सिंह ठकुरी, राष्ट्रिय स्वतन्त्र पार्टीका टिकराम थापालगायतले उम्मेदवारी दिएका छन् ।

प्रतिनिधिसभा क्षेत्र नम्बर २ मा एमालेबाट बागमती प्रदेश कमिटीका उपसचिव महेशकुमार बर्तौला, गठबन्धनबाट नेकपा (एकिकृत समाजवादी)का स्थायी कमिटी सदस्य तथा पूर्वमन्त्री विरोध खतिवडा, राष्ट्रिय स्वतन्त्र पार्टीका भरत पराजुली, राप्रपाका राजन मैनालीलगायतले उम्मेदवारी दर्ता गरेका छन् ।

## लागूऔषधसहित दुई जना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २६ असोज/ जिल्ला प्रहरी कार्यालय मकवानपुरले हेटौंडाबाट प्रतिबन्धित लागूऔषधसहित २ जनालाई पक्राउ गरेको छ ।

प्रहरीले हेटौंडा-१ बाट नियन्त्रित लागूऔषध वनरेक्ससहित २ जनालाई मंगलबार राति पक्राउ गरेको हो । हेटौंडा-१ चौकीटोल बस्ने १९ वर्षीय निकेश पुडासैनी र सर्लाही बरहथवा नगरपालिका-१६ बस्ने २६ वर्षीय पप्पु कुमार कुशहवालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए ।

सर्लाहीबाट आएको बा १८ च ६६०६ नम्बरको स्कार पियोबाट सामान झार्दै गरेको अवस्थामा प्रहरी चौकी चौकीटोलबाट खटिएको प्रहरीले सोधपुछ गर्दा शंका भएको थियो ।

गाडीसँगै प्रदेश ३-०२-००६ प ८०४१ नम्बरको स्कुटर रोकेर राखेको अवस्थामा उक्त स्कुटरमा बसेका व्यक्ति भागेपछि प्रहरीले लागूऔषध ल्याएकोशंका लागि जाँच गर्दा लुकाएर राखेको वनरेक्स १ सय ५८ बोतल लागूऔषध फेला पारेको डिएसपी कार्कीले बताए । स्कारपियो चालक पप्पु कुमार र पुडासैनीलाई पक्राउ गरिएको कार्कीले बताए । हाल फरार स्कुटर चालकको प्रहरीले खोजी गरिरहेको उनले बताएका छन् ।

## भिरबाट लडेर एक जनाको मृत्यु



हेटौंडा, २६ असोज/ मकवानपुरको भिमफेदी गाउँपालिका-६ मा भिरबाट लडेर एक जनाको मृत्यु भएको छ ।

भिमफेदी ६ जुरेथुम स्थित सुरुङखोलामा नजिकै घास काट्न जादा भिरबाट लडेर एकजनाको मृत्यु भएको छ । सोहि स्थान बस्ने ३१ बर्षिया समिता रानामगरको भिर बाट लडेर मृत्यु भएको अवस्थामा भेटिएको ईलाका प्रहरी कार्यालय भिमफेदीले जनाएको छ ।

बर्षापछी चिप्लो भएको माटोमा चिप्लेर लडेको हुनसक्ने प्रहरीले जनाएको छ ।

# मकवानपुरमा शिक्षकहरुको खुलेआम राजनीति, निर्वाचन आयोग हेरेकोहेर्‍यै




साझाकुरा संवाददाता

हेटौंडा, २६ असोज/ आगामी ४ मंसिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा उम्मेदवारहरु व्यस्त छन् । निर्वाचनको प्रचारप्रसारमा दलका नेतादेखि कार्यकर्ता लागिपरेका छन् ।

तर, मकवानपुरमा शिक्षण पेशामा लागेका शिक्षकहरु नै दलका उम्मेदवारहरुको भोट भागेर निर्वाचन आयोगको खिल्ली उडाइरहेका छन् । निर्वाचन आयोगले शिक्षक तथा कर्मचारीले राजनीतिक दल र उम्मेदवारका प्रचार सामग्री सामाजिक सञ्जाल (फेसबुक, ट्वीटर)लगायतमा सेयर र लाइक गरेका घटना अनुगमन गरिरहेको छ ।

तर, मकवानपुरमा शिक्षकहरु नै दलका उम्मेदवारहरुको फोटो हालेर भोट मागिरहेका छन् । राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा समाजिका सञ्जालमार्फत मत माग्न नहुने पनि आयोगले शिक्षक तथा कर्मचारीलाई सम्झाएको छ ।

तर, निर्वाचन आयोगलाई नै मान्ने पक्षमा मकवानपुरका शिक्षकहरु छैनन् । मकवानपुरभित्र शिक्षण पेशामा कार्यरत शिक्षकहरु राजनीतिमा नभएका कमै होलान् । निजी भन्दा पनि सामुदायिक विद्यालयका शिक्षक बढी राजनीतिमा खुलेआम हिँडेको पाइन्छ । राज्यकै कमजोरीका कारण सामुदायिक विद्यालयका शिक्षकहरु खुलेआम राजनीतिमा लागेका छन् । यतिसम्मकी मतदानको दिन पार्टीतर्फबाट बुथ प्रतिनिधिमै शिक्षक हुन्छन् । आगामी प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा शिक्षकहरु उम्मेदवारहरुको प्रचारमा व्यस्त छन् ।

हेटौंडाको सिदार्थ माविका खेमराज लामिछाने, अमर माविकी प्रधानाध्यापक मालती पोखेल, मकवानपुर बहुमुखी क्याम्पसका संगम चौलागाईलगायत थुप्रै शिक्षकहरु उम्मेदवारहरुको भोट मागेर व्यस्त छन् ।

चाडपर्वले विद्यालय विदा गरेपछि उनीहरुलाई झनै राजनीति गर्न सजिलो भएको छ । जिल्लाको पश्चिमी क्षेत्र मनहरीका दुई शिक्षक निर्वाचन आचारसंहिता विपरीत राजनैतिक दलको प्रचारप्रसारमा समावेश भएका छन् । मनहरी-३ स्थित महेन्द्र ज्योति माध्यामिक विद्यालयका दुई शिक्षक सामाजिक सञ्जाल फेसबुकमार्फत दलको प्रचार प्रसारमा लागेका हुन् ।

विद्यालयका प्रधानाध्यापक गोकुलप्रसाद शर्मा र सह-प्रधानाध्यापक विदुर थापालाई निर्वाचन लागेको हो । शर्माले नेकपा एमालेका सुर्य चिन्हबाट मनोनयन दर्ता गर्ने उम्मेदवारहरुलाई शुभकामना दिएका थिए भने प्रतिनिधिसभा निर्वाचनको मकवानपुर क्षेत्र नम्बर २ मा नेकपा एमालेबाट उम्मेदवार बनेका महेश बर्तौलालाई विजयको अग्रिम शुभकामना दिएका छन् ।

थापाले मिनेन्द्र रिजाल र डा. स्वर्णीम वाग्लेलाई टिकट नदिएको भन्दै टिकटका लागि ठेकेदार, गुण्डा, भ्रष्टचारीहरुलाई पार्टिले रोजेको र ईमान्दार एवं अनुशासित नेताहरुलाई पाखा लगाइएको भन्दै चर्को असन्तुष्टि पोखेका थिए ।

निर्वाचन आचारसंहितामा कुनै पनि शिक्षकले राजनितीक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचार-प्रसार गर्न नहुने र सामाजिक सञ्जालमा कुनै सन्देश, सुचना, प्रचारप्रसार सामाग्री पोष्ट शेयर गर्न नहुने भनी उल्लेख गरिएको छ ।

तर, संवैधानिक आयोग निर्वाचन आयोग भन्दा पनि मकवानपुरका शिक्षकहरु शक्तिशाली देखिएका छन् । आचारसंहिता विपरित कार्य गर्ने शिक्षकहरुलाई आयोगले कुनै कारबाही गर्न सकेको छैन् । शिक्षकहरुको राजनीतिक गतिविधि टुलुटुली हेरेर बस्न आयोग बाध्य भएको छ ।

## मकवानपुरमा ६९ जनाकै उम्मेदवारी कायम

साझाकुरा संवाददाता

हेटौंडा, २६ असोज/ मंसिर ४ गते हुन लागेको प्रतिनीधिसभा र प्रदेशसभा निर्वाचनको लागि मकवानपुरबाट उम्मेदवारी दिएका सबै उम्मेदवारको उम्मेदवारी कायम भएको छ ।

निर्वाचन आयोगले बुधबार उम्मेदवारी फिर्ता लिन दिएको समयमा कुनैपनि उम्मेदवारले आफ्नो उम्मेदवारी फिर्ता नलिएपछि सबैको उम्मेदवारी कायम भएको हो । बुधबार आयोगले उम्मेदवारी फिर्ता लिन दिएको समयमा मकवानपुरका कुनैपनि उम्मेदवारले आफ्नो उम्मेदवारी फिर्ता नलिएका हुन् ।

निर्वाचन अधिकृतको कार्यालयले मंसिर ४ मा हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा मकवानपुरमा ६९ जनाको उम्मेदवारी कायम भएको जनाएको छ । बुधबार उम्मेदवारी फिर्ता लिने समयसम्म कसैले पनि उम्मेदवारी फिर्ता नलिएको मकवानपुरको निर्वाचन अधिकृतको कार्यालयका सहायक निर्वाचन अधिकृत तिर्थराज भट्टराईले जानकारी दिए । उनका अनुसार २ प्रतिनिधि सभा र ४ प्रदेश सभा रहेको मकवानपुरमा ६९ जनाको उम्मेदवारी कायम भएको छ । आइतबार उम्मेदवारी दर्ता गराएका ६९ उम्मेदवारमाथि कुनैपनि उजुरी पनि परेको थिएन । जिल्लामा प्रतिनिधिसभा सदस्य पदमा मकवानपुर क्षेत्र नम्बर १ बाट दुई स्वतन्त्रसहित १६ र क्षेत्र नम्बर २ बाट एक स्वतन्त्रसहित १० गरी २६ जनाले उम्मेदवारी दर्ता गराएका छन् । प्रदेशसभा सदस्य पदमा मकवापुर क्षेत्र नम्बर १ (क) मा ८, १(ख) मा १० र क्षेत्र नम्बर २ (क) मा १० र २ (ख)मा १५ गरी ४३ जनाले उम्मेदवारी दिएका थिए ।

**घर तथा फ्ल्याट भाडामा**

हेटौंडा-२ स्थित सिद्धार्थ स्कुल अगाडि रहेको साडे २ तल्ला घर भाडामा रहेको हुँदा अफिस, आवास तथा गोदामको लागि आवश्यक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

हेटौंडा-५, अब्बलडाँडामा रहेको १ तल्ला घर विक्री तथा भाडामा रहेको छ ।

हेटौंडा-५, पिप्ले रुद्रेश्वर मन्दिर नजिक रहेको २६ धुर जगगा बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावहरुले तुरुन्छ सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं. ९८५११३२८७४**
**९८४५०२८४३१**

विश्वविद्यालय अनुदान आयोग (UGC) बाट
अन्तर्राष्ट्रिय गुणस्तर प्राप्त
**मकवानपुर बहुमुखी क्याम्पसमा**

**स्नातक तहमा भर्ना खुल्यो**

बीबीएसमा लेखाशास्त्र, अर्थशास्त्र र बजारशास्त्र ।



बीएमा नेपाली अंग्रेजी, समाजशास्त्र, ग्रामीण विकास र पत्रकारिता ।
बीएडतर्फ नेपाली, अंग्रेजी, जनसंख्या, स्वास्थ्य, गणित र विज्ञान शिक्षा ।
बीएस्सीतर्फ भौतिकशास्त्र र जीवविज्ञान

भर्ना फारम वितरण भइरहेको छ । यथाशिघ्र फारम भरी भर्ना गर्नुहुन विद्यार्थी वर्गमा अनुरोध गरिन्छ ।

**मकवानपुर बहुमुखी क्याम्पस**
हेटौंडा-२, मकवानपुर
०५७-५२०६२०

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

**सेवाहरूः**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# प्राकृतिक प्रकोप नियन्त्रणमा सर्वपक्षीय ध्यान जरुरी

पृथ्वीका हरेक कुना अनि समग्र भूगोल नै विभिन्न प्राकृतिक प्रकोपहरूको सम्भाव्य जोखिममा छ । अझ मानवीय क्रियाकलाप, प्राकृतिक सम्पदाको अविवेकी प्रयोग, जलवायु परिवर्तन आदिले त झन् प्राकृतिक प्रकोपको जोखिम बढाएको छ । हरेक वर्ष विश्व समुदायले अक्टोबर महिनाको १३ तारिख अर्थात् आजैका दिन विश्व प्राकृतिक प्रकोप नियन्त्रण दिवसका रूपमा मनाउने गर्दछन् । विभिन्न कार्यक्रम, सभा सम्मेलन, गोष्ठी इत्यादिले जनजागरण फैलाउने, अनि हानी न्यूनिकरणका लागि यस दिवसको महत्व धेरै छ । प्राकृतिक प्रकोपसँग हामी जुध्न सक्दैनौ, हामीले केवल पूर्व तयारी तथा सतर्कता अपनाएर हुनसक्ने हानी न्यूनीकरण मात्र गर्न सक्दछौँ । सन् १९८९ को राष्ट्रसंघको साधारणसभाले प्राकृतिक विपत्ति विरुद्ध पूर्व तयारी र जागरणको अभिवृद्धिका लागि यस दिवसको सुरुवात गरिएको हो र आज पनि यस दिनमा विभिन्न सञ्चार माध्यमहरूले विश्वभर यस विषयमा प्रभावकारी ज्ञान, सीप र धारणाको प्रवाह गर्दछन् ।

यसका साथै समुदाय, राष्ट्र अनि क्षेत्रकै जागरणस्तर बढाउन, पूर्वतयारी संरचनामाथिको पहुँच बढाउन अनि पीडितहरूको संरक्षणका लागि विशेष आह्वान गर्ने संयुक्त राष्ट्रसंघको योजना छ । छोटा-छोटा दूरीमा फरक भू-बनोट, हावापानीका लागि विश्व समुदायमा परिचित नेपालले पनि समय-समयमा धेरै प्राकृतिक विपत्तिहरूको सामना गर्नु परेको, समय-समयको भूँईचालो होस् या भीषण बाढी पहिरो, भौगोलिक रूपमा विविधतासँगै जटिल नेपाल सदैव प्राकृतिक विपत्तिको उच्च जोखिम मै छ । यसवर्षको विश्व प्राकृतिक प्रकोप नियन्त्रण दिवसको नारा चाहिँ प्राकृतिक प्रकोप नियन्त्रण र जोखिम न्यूनीकरणलाई विश्वव्यापी संस्कार बनाऔं भन्ने छ । दु:खद् कुरा चाहिँ नेपालीहरूको अपर्याप्त प्रकोप नियन्त्रण सीप र जानकारी रहेकाले हुने थप हानी र जोखिमका कारणले हुन जान्छ । राजधानी काठमाडौंकै मूलधारको खानेपानी, स्वास्थ्य सुविधा र आधारभूत कुराहरूको सुलभतामाथि भुईंचालोले कडा प्रश्न चिन्ह उठाएको हामीले चाल पाएकै हौं । राजधानीको त्यो हविगतले सापेक्षिक रूपमा दूर दराजका गाँउहरुको अवस्था सहजै बयान गर्दछ । नेपाली पाठ्यक्रममा अझै पनि प्राकृतिक प्रकोप नियन्त्रणका प्रयोगात्मक अभ्यास र व्यवहारिक शीर्षकहरू नहुनु झनै दु:खदायी कुरा हो । अझ अव्यवहारिक विकासे ज्ञान जस्तै: भुईंचालो आउँदा टेबल मुनि या घरभित्रै रोकिएर छेलिएर आडमा बस्ने भन्ने ज्ञानहरूले ठ्याक्कै विपरीत ज्यान जोखिममा पारेको र बाँच्नुपर्ने ज्यान पनि मृत्यु र अङ्गभङ्गको जोखिममा परेको उदाहरण भूँईचालोताका देखिएको हो । माटो सुहाउँदो प्रविधि र प्रक्रियाको साटो हामी आयातित कुरामा सोलोडोलो लागेको परिणाम हुन सक्दछ, अझै पनि नेपाली भूमिमा प्राकृतिक प्रकोप भएमा न्यूनतम पूर्व तयारी पनि छैन ।

फेरि प्राकृतिक प्रकोप नियन्त्रणको एकमुस्ट जिम्मा अनि जागरणका कार्यक्रम धेरै हद्सम्म गैरसरकारी संस्थाको पोल्टामा पर्नु पनि दुर्भाग्य नै हो । शायद यसै कारणले पनि भूकम्पपश्चात् धर्म परिवर्तन र मानव तस्करका कुराहरू आएका हुन सक्छन् । यस्ता संवेदनशील कुरामा सरकारी र गैरसरकारी दुवै तहको समान सहभागिता जरुरी छ । आजको दिन यी सबै कुराहरू विश्व समुदायसँगै नेपालले पनि बुझ्न र आत्मसाथ गर्न जरुरी छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ असोज २८ गते शुक्रबार १४ अक्टोबर २०२२ । कार्तिक कृष्णपक्ष पञ्चमी । कौलागा ११४२ ने.सं. । सूर्योदय ६:०४, सूर्यास्त ५:३४ । विश्व गुणस्तर दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : परिवारमा हर्ष | **तुला** | : मानसिक चिन्ता |
| **वृष** | : व्यवसाय फस्टाउने | **वृश्चिक** | : कार्यान्तरणको योग |
| **मिथुन** | : नैराश्यता | **धनु** | : व्यर्थ भ्रमण |
| **कर्कट** | : परिश्रमबाट सफलता | **मकर** | : मान प्रतिष्ठा वृद्धि |
| **सिंह** | : सम्पत्तिसम्बन्धी विवाद | **कुम्भ** | : धनहानि |
| **कन्या** | : मित्रबाट विरोध | **मीन** | : हर्ष थपिने |

# शिक्षकहरूले पढ्नैपर्ने छवि अनित्यको 'शिक्षकको भाषा'



रमेश प्रसाद लामिछाने

**१.** डाक्टरको व्यवहारले बिरामीको आधा रोग निको पार्छ । यो भनाई धेरैले सुनेका छौ । रोगले छटपटीएर मृत्यु संग अन्तिम संघर्ष गरिरहेको बिरामीलाई अब निको हुन्छ चिन्ता नगर भन्दा केहि समय पिडा कम भएको महसुस हुन्छ भन्छन् । तपाईंलाई सुगर रहेछ अनि प्रेशर पनि छ क्यार, धेरै गाह्रो हुन्छ, भन्दै एकाध पिडामा परेकाको उदाहरण दिन थाल्ने हो भने सद्धे मान्छे पनि चाँडै रोगले ग्रसित बन्दै जान्छ । त्यस्तै कुनै विद्यार्थीलाई केहि नआउने अत्यन्त कमजोर गोबर गणेशको संज्ञा दिंदा हिनताबोधले पढाई नै छाडेका उदाहरण हाम्रो समाजमा कमी छैन । धेरै कमजोर भएकै कारणले पढाई छाड्न लागेका विद्यार्थीलाई तिमी सक्छौ भन्दै प्रोत्साहन गर्दा उत्कृष्ट बनेका विद्यार्थी पनि हामी संग छन् ।

**२.** प्रसंगलाई छवि अनित्यले हालै प्रस्तुत गर्नु भएको किताब शिक्षकको भाषासंग यो आलेख जोड्न खोजिएको छ । यहाँ शिक्षकको भाषाले शिक्षकबाट बोलिने शब्द र गरिने व्यवहार शैलीलाई संकेत गरेको छ । शिक्षण पेशासंग आबद्ध व्यक्तिहरुको लागि यो किताब अत्यन्त उपयोगी र फलदायी छ । साँच्चै भन्ने हो भने यो किताब शिक्षकहरुको पनि शिक्षक हो भन्दा अत्युक्ति नहोला । लेखक स्वयम् लामो समय सम्म शिक्षण पेशासंग सम्बद्ध रही वास्तविक कक्षाकोठाका विद्यार्थीसंग मात्र नभै कक्षाकोठा बाहिरका र सामुदायिक तथा संस्थागत दुबै प्रकृतिका स्कूल कलेजका छात्रछात्रासंग नजिक रहेर सिक्ने सिकाउने कामको अनुभवको संगालो यो सबैका लागि रोचक र ज्ञानवर्द्धक महसुस गरिएको छ । शिक्षा र शिक्षकको प्राय:नकारात्मक समाचार नसुनिएको दिन विरलै भेटिने वर्तमानमा यो किताब थप सहयोगी र व्यवहारिक छ भन्नै पर्दछ । शिक्षकहरु आलोचित बन्ने प्रमुख कारण नै शिक्षकको भाषा हो भन्ने तथ्यमा बिमति छैन ।

**३.** प्रस्तुत किताबमा १३ वटा शिर्षकहरु उल्लेख गरिएको छ । शिर्षकहरु आफैं बोलिरहेका छन् । शिर्षक भित्रका रोचक सामग्रीहरुको र सास्वादनका लागि एकपटक शब्द नबिराई पढनै पर्ने हुन्छ । १. शिक्षक २.किसिम किसिमका विद्यार्थी ३. खराब केटी ४. नियत ५.सत्प्रेरणा ६.पढ्ने शिक्षक पढ्ने विद्यार्थी ७. नेता शिक्षक कि शिक्षक नेता ८.मास्टर जाँच्ने विद्यार्थी ९.घोकन्ते १०.दशैंको गृहकार्य ११.किशोर आवेग १२. आमाबुबा, शिक्षक र विद्यार्थी १३.सिकाईको अभिब्यक्ति । यस किताबमा उल्लेख दार्शनिक ब्यक्तित्वका भनाईहरु अत्यन्त सान्दर्भिक महसुस गरेको छु । जस्तै-'बालक एउटा पुस्तक हो जसको प्रत्येक पाना पाना पढ्नु पर्दछ ।' - रुसो । त्यस्तै डेभ बर्गजको भनाई -'तपाईंका विद्यार्थीलाई असामान्य अनुभव प्रदान गर्नुहोस् र उनीहरुले तपाईलाई असामान्य प्रयास र मनोवृत्तिले पुरस्कृत गर्नेछन् ।' अर्को दार्शनिक सिसेरो भन्नुहुन्थ्यो 'तपाईं संग एउटा बगैंचा र एउटा पुस्तकालय छ भने तपाईंले चाहनु भएको सबैकुरा पाउनुन्छ ।' द गार्जियनमा जो बाउअर्स र डा.सुसन डेविसले उल्लेख गरेको भनाइ-'आफ्नो संतुष्टिका लागि पुस्तक पढ्ने शिक्षकहरुमा बालबालिकाका लागि बाँड्ने ज्ञानको भण्डार ज्यादा हुन्छ । उनीहरु कक्षाकोठामा बढी आत्मविश्वासी, भद्र र तनावमुक्त भेटिन्छन् ।' त्यस्तै महाभारतका द्रोणाचार्य र एकलब्यका प्रसंग सहित रामायणको हनुमानको सन्दर्भ उत्तिकै प्रेरणादायी रहेका छन् । अमेरिकी वैज्ञानिकहरुको सर्वेक्षण र युनिभर्सिटी अफ क्यालिफोर्नियाको अनुसन्धानका बोली र विषयवस्तुका सबालमा प्रस्तुत निष्कर्ष महत्वपूर्ण र मननीय छन् नै । नेब्रास्का लिङ्कन विश्वविद्यालय को अध्ययनले शिक्षक र अभिभावकको सम्वन्ध र व्यवहारले सिकाईमा पार्ने प्रभाव पनि लेखकले समेट्दा थप प्रभावकारी छ भन्नै पर्दछ ।

**४.** किताबको आकार सानो र पेज संख्या कम भएर पनि शिक्षण सिकाईलाई प्रभावकारी बनाउने सबालमा यो किताबले दरो र सामयिक कम्पन उत्पन्न गरेको छ । मोटा किताबहरुमा भेटिने पट्यारलाग्दा गन्थन र ब्याख्या सहितका अनावश्यक कथाहरुबाट यो किताब पूर्ण मुक्त रहेको छ । सन्दर्भ र प्रसंग नदोहरिनु यसको अर्को विशेषता भन्नै पर्दछ । किताब पढेर सकिंदा भन्नै पर्ने धेरै कुराहरु छुटेका र शिक्षकका भाषामा अझ परिष्कृत बनाउने सबालमा थप सामग्री भैदिए हुन्थ्यो भन्ने लाग्छ नै । एकै बसाईमा पढेर सकौं लाग्ने थोरै किताब मध्ये यो पर्नुलाई लेखक छवि सरको लेखकीय क्षमता प्रशंशा गर्नैपर्छ । लेखक स्वयम् आफु विद्यार्थी हुँदा शिक्षकहरुले गर्ने ब्यवहार संगै शिक्षण सिकाई क्रियाकलाप र अतिरिक्त क्रियाकलापका अवधिमा शिक्षकका बोली, शब्द, तरिका,हावभाव, शैली, उदाहरण, संलग्नता, निकटता, विद्यार्थीसंगको दूरी, प्रशंशा, गाली, दण्ड, पुरस्कारका अतिरिक्त समग्र मूल्याङ्कनको प्रत्यक्ष अनुभव समेटिएको कारणले प्रस्तुत किताब थप वस्तुपरक छ भन्दा अत्युक्ती नहोला । पछि आफै शिक्षक बनेर कक्षाकोठामा प्रवेश गर्दाको अनुभव, सहकर्मी शिक्षकहरुको बोली र ब्यवहार संगै शिक्षण पेशालाई हेर्ने ,बुझ्ने र ग्रहणगर्ने शैली, शिक्षा प्रशासनको व्यवहार, पेशागत संस्थाहरुको धन्दा, समितिका पदाधिकारीहरुको बुझाई र ध्येय, अभिभावकहरुको ईच्छा र चाहना संगै शिक्षकहरु प्रतिको नकारात्मक टिप्पणी समेतका कतिपय अत्यन्त तिता र पिडाजन्य क्षणहरु अनि कतिपय रमाईला तथा सुखद पक्षहरु समेत उल्लेख गरिनु यो किताबको अर्को आकर्षक पक्ष रहेको छ ।

**५.** अन्तमा, शिक्षण पेशालाई मर्यादित र प्रतिष्ठित बनाउन यस पेशासंग आवद्ध सबै शिक्षण पेशाकर्मीहरु जागिरे मनोभावबाट माथि उठ्नै पर्दछ । यसमा बिमती जनाउनुपर्ने कारण देखिन्न । एउटा शिक्षकको प्रत्येक बोली, ब्यवहार, क्षमता, योग्यता, दक्षता र प्रस्तुतीका शैलीमा विद्यार्थीको चासो र सिकाई जोडिएको हुन्छ । अभिभावकहरुले पाईलैपिच्छे छिद्र खोजिरहनुलाई परम्परागत स्वभाव भन्नै पर्दछ । शिक्षा प्रशासनले सदैव मालिकपन प्रदर्शन गर्नु हाम्रो शिक्षा प्रणालीको प्रमुख विशेषता स्विकार्नु उपयुक्त देखिन्छ । शिक्षकहरु आधुनिक शिक्षण विधि संगै विकसित प्रविधि संग अपडेट नहुँदा विभिन्न कोणबाट आलोच्य बनिरहेको तथ्य छर्लङ्ग छ ।

वर्तमान युगमा पनि मालिक र दासको ब्यवहार देखिनु हाम्रो सन्दर्भमा यो पेशागत दुर्भाग्य साबित भएको छ । यहाँ उल्लेखित र यस्तै प्रकृतिको हाम्रो शैक्षिक क्रियाकलापका पृष्ठभूमीमा छवि अनित्यद्धारा प्रस्तुत शिक्षकको भाषाले शिक्षकहरुमा नयाँ उर्जा र थप सामग्री प्रदान गर्ने छ भन्नेमा विस्वस्त बन्दै प्रत्येक शिक्षकले एक पटक अध्ययन गर्नैपर्ने किताबहरुको सूचीमा यो किताब रहेको छ भन्न पाउँदा लेखक छवि सर प्रति आभार सहित भविष्यमा यस क्षेत्रमा अझ परिष्कृत र थप उचाईका हाम्रो वास्तविक धरातलबाट आम शिक्षण सहयोगी सामग्रीको अपेक्षा गर्दछु ।

# कुलीन वर्गको कब्जामा समानुपातिक निर्वाचन प्रणाली



दुर्गा कार्की

नेपालले संघीयता अभ्यासको एउटा चक्र पूरा गरेको छ । स्थानीय तहको दोस्रो निर्वाचन गत वैशाखमा सम्पन्न भएको छ भने संघ र प्रदेशको निर्वाचन आगामी मंसिर ४ गते हुँदैछ । यसका लागि उम्मेदवारले आ-आफ्नो मनोनयन दर्ता गराएका छन् । प्रतिनिधिसभाका १६५ सिटका लागि देशभरिबाट २ हजार १२८ को उम्मेदवारी परेको छ । यीमध्ये महिला जम्मा १९१ रहेका छन् । यसैगरी प्रदेश सभाका लागि कुल २ हजार ८४५ उम्मेदवारी परेको छ । जसमध्ये २४४ जना महिला रहेका छन् ।२०७४ मंसिर १० र २१ मा भएको प्रदेश र प्रतिनिधिसभाको निर्वाचनका लागि ५ हजार १८४ जना उम्मेदवार थिए । यीमध्ये ३८६ महिला अर्थात् ७ प्रतिशत मात्रै प्रत्यक्ष निर्वाचनको चुनावी मैदानमा उत्रिएका थिए । त्यसमध्ये संघमा जितेर आउने ६ जना मात्रै भए । त्यसअघि संविधानसभाको निर्वाचनमा महिलाको सहभागिता निकै उत्साहजनक रहेको थियो । प्रत्यक्ष निर्वाचनबाट नै २०६४ सालको संविधानसभा निर्वाचनमा ३० जना महिला चुनिएर आएका थिए । तर यो उत्साह २०७० मा आउँदा ह्वात्तै घट्यो र संख्या १० जनामा खुम्चियो । पछि २०७४ मा ६ जना महिला मात्रै प्रत्यक्ष निर्वाचनमा जितेर आए । अहिले प्रदेश र संघमा गरेर ४३५ जना महिला चुनावी मैदानमा छन् ।

महिलाको यो संख्यामा पनि राज्य संचालनमा प्रत्यक्ष नेतृत्व गरेका र गर्ने दलहरूबाट निकै कम छन् । स्वतन्त्र रूपमा पनि महिला उठेका छन् । यो तथ्याङ्क र अघिल्ला अभ्यासहरू हेर्दा महिलाले चुनाव जितेर आउने वातावरण कति बन्छ त्यो भन्न सकिने अवस्था छैन । धन र डनको विकृतिपूर्ण प्रतिस्पर्धामा महिला जितेर आउलान् भन्ने आशा पनि छैन । त्यसैले यसपालि पनि ३३ प्रतिशत महिला सहभागिताको संवैधानिक व्यवस्थालाई समानुपातिकबाट पुऱ्याउने गलत अभ्यास दलहरूले गर्नेछन् जुन सुरुदेखि नै गर्दै आएका छन् । संघीय प्रणालीको अभ्यास अगाडि नै संविधानसभाका निर्वाचनहरूमा नेपालले समावेशी समानुपातिक प्रतिनिधित्वको सिद्धान्तलाई अंगीकार गरेको थियो । मिश्रित निर्वाचन प्रणाली अनुसार बाध्यात्मक कानुनी प्रावधानका लागि समानुपातिक प्रणालीमा महिला एवं तोकिएका अन्य क्षेत्र वा वर्गको प्रतिनिधित्व भए पनि पहिलो हुने निर्वाचित हुने प्रणालीका लागि समावेशी उम्मेदवार उभ्याउन र विजयी गराउन/बनाउन दलहरू असफल देखिएका छन् । समानुपातिकतर्फको बन्दसूची पनि त्यस्तै निराशाजनक छ । त्यसभित्रका विकृत अभ्यास छताछुल्ल हुँदै आएका छन् ।

नेताका श्रीमती, नेतृत्वका आफन्त वा पहुँचवाला मात्रै समानुपातिकको बन्दसूचीको उपल्लो स्थानमा पारिन्छन् । जुन समानुपातिक निर्वाचन प्रणालीको मर्मको विल्कुल उल्टो छ । पछाडि पारिएका, राज्यको शासन र निर्णय प्रक्रियाबाट टाढा भएका र सीमान्तकृत समुदायलाई नीतिनिर्माणको तहमा सहभागी गराउने उद्देश्यले आम चाहना अनुसार नेपालमा मिश्रित निर्वाचन प्रणालीको वकालत गरियो । यी समुदायलाई राज्यको शासन प्रणालीमा पहुँचको व्यवस्था गर्न राज्यले मिश्रित निर्वाचन प्रणाली अपनाएको हो । मिश्रित निर्वाचन प्रणालीका लागि महिलाको पनि निकै दबाव र माग थियो, तर समानुपातिक प्रणालीले महिलालाई आत्मनिर्भर र प्रतिस्पर्धी हैन अत्यन्तै परनिर्भर बनायो ।

संविधानले स्पष्ट रूपमा सीमान्तकृत समुदाय जसले प्रत्यक्ष निर्वाचन लड्नका लागि जनाधार र क्षेत्र बनाउन सक्ने अवस्था छैन वा सक्दैनन्, तर संसदमा उनीहरूको अधिकार सुनिश्चित गर्न उपस्थिति अति महत्वपूर्ण छ, उनीहरूलाई नीति-निर्माणको तहमा सहभागी गराउने व्यवस्था गर्न संविधानले यो व्यवस्था गरेको हो र त्यही अनुसारको कानुन बनाउन निर्देश गरेको छ । संविधानमा भनिएको छ– 'समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधिसभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस-आर्य, मधेशी, थारू, मुस्लिम, पछाडि पारिएको क्षेत्र समेतबाट बन्दसूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था संघीय कानुन बमोजिम हुनेछ । त्यसरी उम्मेदवारी दिंदा भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिनुपर्नेछ ।'संविधानले यहाँ अपाङ्गताको क्षेत्रलाई समेटेको छैन जुन समेट्नु जरूरी छ । तर अहिलेको अभ्यासमा समानुपातिक निर्वाचन प्रणालीलाई क्षतिपूर्तिका लागि धेरै प्रयोग गर्न खोजिएको छ । जुन महिलालाई प्रतिस्पर्धी बनाउनका लागि ठूलो अवरोध भइरहेको छ । संघ र प्रदेश निर्वाचनका लागि दलहरूले आफ्ना क्षेत्रबाट उम्मेदवार सिफारिस गर्न सुरु गरेपछि केही समयअघि काठमाडौंमा आयोजित आगामी निर्वाचनमा महिला सहभागिताका लागि गरेको तयारीका बारेमा प्रमुख दलसँग गरिएको एक छलफलमा नेताहरूले पार्टीमा महिला सहभागिता नै कम रहेको र भएकाहरू पनि दक्ष नहुँदा सोचे जस्तो प्रतिनिधित्व गराउन नसकेको आशय प्रकट गरेको थिए ।के साँच्चै नै महिला दक्ष नभएकाले टिकट नपाएका हुन् वा कमजोर भएको लघुताभाष पालेकै कारण प्रत्यक्ष निर्वाचनमार्फत प्रतिस्पर्धामा जान डराएर समानुपातिकबाट सुरक्षित हुन खोजेका हुन् ? कि नेतृत्वले आफ्नालाई समानुपातिकमा सुरक्षित गरेर पार्टीको बलियो उपस्थिति नभएको ठाउँमा वा हार्ने क्षेत्रहरूमा महिलालाई टिकट दिने अनि दिएको त हो आउन सकेनन् भन्ने बलियो बहाना खोजेका हुन् ? अथवा महिलाहरूले भन्दै आएको जस्तो राजनीतिक दलको नेतृत्व बाहिर बोल्दा जति लैंगिकमैत्री देखिन्छ भित्र उनीहरूमा त्यति नै जब्बर पितृसत्तात्मक सोच छ, जसले महिला प्रतिस्पर्धी भएको देख्न सक्दैन ? यी र यस्तै कारणले संविधानसभामा प्रत्यक्ष निर्वाचनमा जितेर आएका महिला, राजनीतिमा आफ्नो भूगोलमा दह्रो उपस्थिति बनाई स्थापित भएका युवा महिलाले समेत समानुपातिकमै आफ्नो नाम भएकोमा चित्त बुझाउनुपर्ने स्थिति आइरहेको छ । आफ्नो क्षेत्रमा बलियो स्थान बनाएका प्रखर महिला समेत समानुपातिकमा आएपछि संविधानले समानुपातिक निर्वाचनका लागि गरेको व्यवस्था र प्रावधानको मर्म अनुसार उसले परिकल्पना गरेका पछाडि पारिएका, दलित, जनजाति र सीमान्तकृत समुदायका महिलाको सहभागिता यो तहमा कहिले हुन्छ ?

जनसंख्याको आधारमा सबै जातजाति, समुदाय र वर्गको समान सहभागिताका लागि राखिएको समानुपातिक व्यवस्थाको उच्च जाति, वर्ग र समुदायबाट पटक-पटक भइरहेका यस्तो चरम दुरुपयोग विरुद्ध अब दलहरूभित्रै विद्रोह गर्न ढिलो भएन ? समानुपातिक प्रणालीको अभ्यास गरेको डेढ दशकसम्म तिनै उच्च कुलीन वर्गहरूका महिला दोहोऱ्याई तेहेऱ्याई आउने तर ती वर्गका लागि सिन्को नभाँची पद मात्रै कब्जा गर्नेहरूलाई टिकाइरहने दलका नेतृत्व विरुद्ध दलभित्रैबाट आवाज उठ्न किन नसकेको हो ? संसदमा महिलाको सहभागिताले मात्रै नहुँदो रहेछ अर्थपूर्ण सहभागिता चाहिने रहेछ भन्ने महसुस सबैतिर हुँदाहुँदै पनि समय आउँदा किन हामी चुपचाप छौं ? अहिलेको यस्तो मौनता र स्वीकारोक्तिले पछि हामीलाई उनीहरूमाथि प्रश्न गर्ने नैतिक धरातल दिन्छ र ? राजनीतिक दलहरूले समानुपातिक निर्वाचन प्रणालीलाई संविधानले व्यवस्था गरे अनुसार कोटा पुऱ्याउन र क्षतिपूर्तिका लागि प्रयोग गर्ने अवस्थाले जो हकदार छन् तर तिनकै नाममा पटक-पटक त्यो ठाउँमा पुगेर पद मात्रै ओगटेका छन् उनीहरू विरुद्ध अब समुदायबाट पनि विद्रोह हुनु जरूरी भइसकेको छ । यो मात्रै हैन अर्को डरलाग्दो विकृति पनि यो समानुपातिक प्रणालीको दुरुपयोग गर्दै सुरु भएको छ । पार्टीमा कुनै पनि योगदान नभएका, तर नीतिनियम आफ्नो अनुकूल बनाउनका लागि प्रभाव पार्ने नियतसहित संसदमा पुग्न लालायित ठूलाठूला व्यापारी, उद्योगपति र तस्करहरूसँग पैसा लिएर समानुपातिकको टिकट बेच्ने अत्यन्तै गलत अभ्यास भइरहेको छ, जुन अभ्यासले सीमान्तकृत र पहुँच नभएका भन्दा शक्तिशालीको हालीमुहाली गर्न सक्नेहरूलाई नै धेरै फाइदा पुगेको छ । यसकारणले चुनावमा विकृति बढेको छ । समानुपातिक निर्वाचन प्रणालीलाई दुरुपयोग गरिएको छ र महिलालाई प्रतिस्पर्धात्मक बनाउन अवरोध गर्ने परिस्थिति सिर्जना भएको छ । समानुपातिकबाट निर्वाचित भएर आउने जनप्रतिनिधिको हैसियत प्रत्यक्ष चुनाव जितेर आउनेको जत्तिकै भनिए पनि त्यहाँ समेत विभेद गरिएको छ । सरकारले उपलब्ध गराउने सांसद विकास कोषमा प्रत्यक्ष निर्वाचनबाट आउने सांसद र समानुपातिकबाट आउनेलाई दिने रकममा भएको विभेदले पनि निर्वाचनका बेला देखिने विकृतिलाई झन् टेवा पुऱ्याएको देखिन्छ । राजनीतिमा लामो योगदान दिएका र समानुपातिक सूचीमा परेका अधिकांश महिला भन्छन्, 'चुनाव महँगो भयो, हामीसँग यति धेरै पैसा खर्च गरेर चुनाव लड्ने हैसियत छैन ।' महिला जसले वर्षौंदेखि पार्टीमा इमानदारीपूर्वक योगदान दिएका छन्, अनियमिततामा उनीहरू संलग्न छैनन्, उनीहरूले कल्पना गर्नै नसक्ने खर्च चुनावका लागि खर्चनु महिलाको बुता बाहिरको काम हो । कतिपय पुरुषहरू समेत चुनावमा पैसा खर्च गर्न नसक्ने भन्दै मैदानबाट बाहिरिएको पनि सुनिन आएको छ भने पार्टीको प्रत्यक्ष निर्वाचनमा आउन चाहने महिलालाई समेत पार्टी नेतृत्वले यति पैसा चाहिन्छ खर्च गर्न सकिन्छ ? भन्दै प्रश्न गर्ने गरेका कुरा बाहिरिएका छन् । यी तमाम उदाहरण दिँदै गर्दा यहाँ समानुपातिक निर्वाचन प्रणालीको विरोध गर्न खोजिएको होइन, तर आम नागरिकको माग दबाव अनुसार यसको परिकल्पना संविधानले जसरी गरेको छ त्यसरी नै व्यवहार र अभ्यासहरू हुन् भन्नका लागि मात्रै ध्यानाकर्षण गर्न खोजिएको हो । यस्ता विकृति, चुनावमा हुने 'धन र डन' को प्रयोग, नातावाद, कृपावादका कारण राजनीतिमा महिलाको प्रतिस्पर्धी क्षमता विकासमा अवरोध बनिरहेको छ र विभिन्न परिबन्दमा पारेर उनीहरूलाई समानुपातिकमा चित्त बुझाउन बाध्य बनाइएका छन् भने अब सबै महिलाको लडाईं यस्तो विकृति विरुद्ध हुनुपर्ने हो कि ? *-साभार: अनलाइनखबर*

# फिल्म 'पोइ पऱ्यो बुढो'को निर्मातामा दीपक मनाङे



काठमाडौं/ फिल्म 'पोइ पऱ्यो काले'को दुई महिनाअघि नै फिल्मको सिक्वेल 'पोइ पऱ्यो बूढो' निर्माण हुन लागेको र दीपेन्द्र लामाले निर्देशन गर्न लागेको खबर प्रकाशित गरेको थियो । अब भने यो फिल्मलाई लिएर नयाँ खबर छ । फिल्मको निर्माताको रुपमा राजीव गुरुङ अर्थात् दीपक मनाङेको प्रवेश भएको छ । प्रस्तुतकर्ता किरण नेपालीले गण्डकी प्रदेशका युवा तथा खेलकुदमन्त्री दीपक मनाङेले निर्माताको रुपमा सहकार्य गर्ने तय भएको बुधबार जानकारी दिए । 'निर्माताको रुपमा उहाँसँग हामी सहकार्य गर्दैछौं,' नेपालीले भने, 'हाम्रो सहकार्य यसमा पनि निरन्तर हुन्छ ।' नेपाली र मनाङेले अहिले हलमा चलिरहेको फिल्म 'दुई नम्बरी'मा पनि सहकार्य गरेका छन् । 'दुई नम्बरी'को क्रेडिट लाइनबाटै 'पोइ पऱ्यो बुढो'को औपचारिक घोषणा समेत भएको छ । तर चलचित्र विकास बोर्डमा भने निर्माताले यो शीर्षक एक वर्षदेखि 'होल्ड' गरिरहेका थिए । निर्माता नेपालीका अनुसार चुनाव लगत्तै फिल्म छायांकनमा जाने तयारी भइरहेको छ । तर कलाकार अहिलेसम्म तय भइसकेका छैनन् ।

# अर्थमन्त्री शर्मा अमेरिकामा

अमेरिका/ अर्थमन्त्री जनार्दन शर्मा विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषको वार्षिक सम्मेलनमा भाग लिन मंगलबार साँझ अमेरिकाको राजधानी वासिङटन डिसी आइपुगेका छन् । अर्थमन्त्री शर्मालाई विमानस्थलमा स्वागत गर्न अमेरिकाका लागि नेपाली राजदूत श्रीधर खत्रीलगायत दूतावासका प्रतिनिधिहरू पुगेका थिए । अमेरिकाको राजधानी वासिङटन डिसीमा यही अक्टोबर १० देखि सुरु भएको विश्व बैंकको वार्षिक बैठक यही १६ तारिखसम्म जारी रहनेछ ।

अर्थमन्त्री शर्माको नेतृत्वमा विश्व बैंकको बैठकमा सहभागी हुन नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी, अर्थसचिव कृष्णहरि पुष्करसहित अर्थ मन्त्रालय तथा राष्ट्र बैंकका उच्च अधिकारीहरु डिसी आइपुगेका छन् । अर्थमन्त्री शर्माले बुधवार विश्व बैंक भोटिङ ग्रुपको बैठकमा सहभागिता जनाउनुका साथै विश्व बैंकको विभिन्न मन्त्रिस्तरीय सत्रहरुमा सहभागी हुनेछन् ।

उनले अमेरिकी सहयोग नियोगका उच्च अधिकारीसँग भेटघाट गर्ने, विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषका उच्च पदाधिकारीहरूसँग पनि छलफल गर्नुहुने कार्यक्रम रहेको डिसीस्थित नेपाली दूतावासले जनाएको छ ।

उता सोमबार नै यहाँ आइपुगेका नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले भने बैठकका विभिन्न सत्रमा नेपालका तर्फबाट सहभागिता जनाएका छन् ।

# एमालेको स्थानीय कार्यकर्ता र मतदातासँग हाम्रो लडाई होइन: *खतिवडा*

साझाकुरा संवाददाता



हेटौंडा, २६ असोज/ प्रतिनिधि सभा क्षेत्र नं २ का सत्ताधारी गठबन्धनका उम्मेदवार एबम् नेकपा एकीकृत समाजवादीका स्थायी कमिटी सदस्य विरोध खतिवडाले नेकपा एमालेका स्थानीय नेता तथा कार्यकर्ताहरुसँग कुनै गुनासो नरहेको बताएको छ ।

उनले राष्ट्रिय स्वाधिनता, संविधानको रक्षा तथा बाम एकताका लागि गरिएको संघर्षलाई सिंगो एमालेसँगकै संघर्षको रुपमा बुझ्न नहुने बताए ।

'हामीले केपी ओली प्रबृत्तिका विरुद्ध लडाई लडेका हौं र यो लडाईलाई टुंगोमा पुऱ्याउनेछौं', पूर्व स्वास्थ्य तथा जनसंख्या मन्त्री समेत रहेका खतिवडाले भने- 'एमालेभित्रका इमान्दार र विधि पद्धति पक्षधर नेता, कार्यकर्ता र मतदाताप्रति म अहिले पनि सम्मान गर्दछु ।'

तर, केपी प्रबृत्तिको विरोध नगर्ने र बार्दलीको आदेशलाई अक्षरस पालना गर्नेहरुका विरुद्ध सँधै संघर्षमा लागिरहन र पार्टीभित्र अर्को ओली जन्मने स्थिति बन्न नदिन कार्यकर्ताहरुको खबरदारी रहनुपर्ने उनको भनाइ छ ।


निरन्तर निर्वाचनमा बिजयी हुँदै आउनु भएका खतिवडाले यतिखेर देशभर सत्ताधारी गठबन्धन र राजावादी तथा एमालेको गठबन्धनबीच संघर्ष चलिरहेको बताए । 'हामी राजनीतिक एजेण्डामा, संख्यामा, तथ्यांक र थितिमा सही ठाउँमा छौं', उनको भनाइ थियो । गठबन्धन दलका नेता कार्यकर्ताहरुसँग सौहार्द्धपूर्ण वातावरण बनाउन र अनावश्यक टिका टिप्पणी नगर्न उनले कार्यकर्ताहरुलाई निर्देशन दिए ।

उनले तत्कालै गठबन्धनको जिल्ला स्तरीय बैठकबाट केही नयाँ निर्देशनहरु आउने र गाउँ, क्षेत्र, वडा लगायत निकायहरुको संयुक्त बैठकहरु अघि बढ्ने जानकारी दिए ।

मनहरी गाउँपालिका स्तरीय बिस्तारित बैठक तथा प्रशिक्षण कार्यक्रममा नेकपा एकीकृत समाजवादीका केन्द्रीय सदस्य तथा जिल्ला सह इन्चार्ज राजाराम स्याङ्तान, जिल्ला सचिव बिष्णुप्रसाद दाहाल, प्रतिनिधि सभा संयोजक भूमिनन्द अर्याल, युवा संघ जिल्ला अध्यक्ष किरणमान बल, जिल्ला सचिवालय सदस्यहरु, जिल्ला सदस्यहरु, मनहरी गाउँ कमिटी सदस्यहरुको सहभागिता थियो । पार्टी अध्यक्ष नारायण श्रेष्ठको अध्यक्षतामा बैठक बसेको हो ।

बैठकमा विभिन्न वडाबाट रिपोर्टिङ भएको थियो भने उम्मेदवार खतिवडासँग सबाल जबाफ भएको थियो ।

# 'सिंगल' बनिन् नम्रता श्रेष्ठ, टुंगियो दावासँगको चार वर्ष लामो प्रेम सम्बन्ध



काठमाडौं/ अभिनेत्री नम्रता श्रेष्ठ यतिबेला पुन: सिंगल बनेकी छन् । पर्यटन व्यवसायी दावा स्टिभन शेर्पासँगको चार वर्षदेखिको प्रेम सम्बन्ध औपचारिक रुपमै टुंगिएको छ । 'ब्रेकअप'को पुष्टि अरु कोही नभएर स्वयं दावाले नै सामाजिक सञ्जालबाट गरेका छन् । उनले नयाँ प्रेमिका रिया श्रेष्ठलाई 'माइ लाइफ' भन्दै इन्स्टाग्राममा तस्वीर पोस्ट गरेका छन् ।

नम्रतासँगको रोमान्स टुंगिएपछि नयाँ प्रेमिकासँग दावाको रिलेसनसिप सुरु भएको छ । गत साातसम्म दावा र रिया इटालीको मिलानमा भइरहेको मिलान फेसन विकमा डेट गरिरहेका थिए । जहाँसम्म नम्रतासँगको कुरा छ, नम्रता र दावा झण्डै चार वर्ष सम्बन्धमा बसे । यी दुई जना सम्बन्धलाई लिएर गम्भीर पनि थिए । तर कोभिडपछि यी दुईजनाले अलग बाटो रोजे । उनीहरुबीच ब्रेकअप भएको हल्ला त थियो, तर पुष्टि भएको थिएन । यद्यपि, दावाको पछिल्लो इन्स्टाग्राम पोस्टले नम्रतासँगको रोमान्स टुंगिएको पुष्टि गरेको छ । नम्रता पुन: सिंगल बनेकी छन् । बक्सिङ अभ्यास गर्दा केही साताअघि नम्रताको हातको औंला भाँच्चिएको थियो र उनी अहिले आराम गरिरहेकी छन् । नम्रता नयाँ फिल्म 'ग्रहण'को तयारीमा छिन् ।

# प्रतिनिधिसभा अन्तर्गत देशभर ८६७ स्वतन्त्र उम्मेदवार

काठमाडौं/ प्रतिनिधिसभा अन्तर्गत प्रत्यक्ष निर्वाचनतर्फ देशभर ८६७ जना स्वतन्त्र उम्मेदवार कायम भएका छन् । निर्वाचन आयोगले प्रकाशित गरेको उम्मेदवारको अन्तिम नामावली सूचीमा स्वतन्त्रतर्फ ८६७ उम्मेदवार कायम छन् ।

उम्मेदवारी फिर्ताको समय सकिएपछि आयोगले उम्मेदवारको अन्तिम नामावली प्रकाशित गरेको हो ।

१६५ निर्वाचन क्षेत्रमा जम्मा दुई हजार ४१२ उम्मेदवार प्रतिस्पर्धामा उत्रिएका छन् ।

# मलेसियासहित खाडी मुलुकमा कामदार ठगिएकोप्रति विभागको चासो

काठमाडौं/ वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारीमा जाने कामदारबाट अनावश्यक शुल्क नउठाउन चेतावनी दिएको छ । विभागले एक सूचना जारी गर्दै वैदेशिक रोजगारका लागि मलेसियासहित विभिन्न खाडी मुलुक जाने कामदारबाट विज्ञापनमा उल्लेखित सर्त विपरीत रकम असुल गरिएको भन्दै कडा कारबाही गर्ने चेतावनी दिएको हो ।

वैदेशिक रोजगारमा जाने कामदारलाई अनुचित लागतको बोझबाट मुक्त गर्ने उद्देश्यसहित फ्रि-भिसा, फ्रि-टिकटको निर्णय लागू गरिएको तर, म्यानपावर व्यवसायीहरूले व्यवहारमा कार्यान्वयन नगरेको विभागले दाबी गरेको छ ।

विभागका निर्देशक कृष्णप्रसाद भुसालले जारी गरेको सूचनामा वैदेशिक रोजगारीका लागि खुला गरिएका देशहरुमध्ये मलेसिया तथा खाडी मुलुकहरूबाट कामदार माग भई सम्बन्धित देशमा रहेको नेपाली कुटनैतिक नियोगबाट मागपत्र प्रमाणित हुँदाका बखत फ्रि-भिसा, फ्रि-टिकट लगायतका अन्य शुल्क रोजगारदाताले व्यहोर्ने भनी विवरण खुलाई सम्बन्धित म्यानपावर संस्थाले कामदार छनोटका लागि पूर्व स्वीकृति पछिका विज्ञापनमा नि:शुल्क भिसा, नि:शुल्क हवाई टिकट र नि:शुल्क स्वास्थ्य परीक्षण तथा कुनै पनि शुल्क नलाग्ने विज्ञापन गरेपनि कामदारबाट रकम असुली गर्ने र पारदर्शिताको आधारमा छनोट नगरिएको उल्लेख छ ।

कामदार छनोट पक्षपात र अनुचितरुपमा रकम असुली गरिएको विषय सार्वजनिक सञ्चारमाध्यममा आएको भन्दै विज्ञापनमा उल्लेख भएअनुसार कामदार छनोट गर्न भनेको हो । सोही आधारमा नगरेको पाइएमा वैदेशिक रोजगार ऐन २०६४ र नियमावली २०६४ अनुसार कारबाही गर्ने चेतावनी दिएको छ । ऐनको दफा ५३ मा म्यानपावर कम्पनीले तोकिएभन्दा बढी रकम लिएमा लिएको रकम फिर्ता गर्न लगाई पटकैपिच्छे एक लाख रुपैयाँ जरिवाना गर्ने प्रावधान छ । -साभार: रातोपाटी

# कर्णालीलाई लुम्बिनीको बलियो लक्ष्य



पोखरा/ लुम्बिनी प्रदेशले नवौं राष्ट्रिय खेलकुद अन्तर्गत महिला क्रिकेट प्रतियोगितामा कर्णाली प्रदेशलाई १ सय २८ रनको बलियो लक्ष्य दिएको छ । पोखरा रंगशालामा टस जितेर पहिला ब्याटिङ थालेको लुम्बिनीले २० ओभरमा ६ विकेट गुमाउँदै १ सय २७ रन बनायो ।

लुम्बिनीकी ओपनर लक्ष्मी चौधरीले ३८ बलमा ३ चौकासहित ३१ रन बनाइन् । कप्तान सरस्वती घर्तीमगरले ५२ बलमा १ चौकासहित ३० रनमा आउट भइन् । ओपनर कमला घर्तीमगर एक रनमा रन आउट भइन् । अन्जु गुरुङले आश्मा पुलामी मगरलाई शून्यमा बोल्ड गरिन् । सुस्मिता बजागाईं १२ रनमा स्टम्पिङ आउट भइन् । उनी अन्जली क्षेत्रीको बलमा अघि बढेर सट खेल्ने धुनमा स्टम्पिङ आउट भएकी थिइन् । मधु डिसी १४ बलमा १२ रनमा अविजित रहिन् । नितु भण्डारीले ४ बलमा ३ रन जोडिन् । कर्णालीले ३८ रन अतिरिक्त दिएको थियो । कर्णालीको मध्य गतीकी बलर अन्जु गुरुङले ४ ओभरमा २० रन खर्चेर २ विकेट लिइन् । अन्जली क्षेत्रीले ४ ओभरमा २३ रन खर्चेर १ विकेट लिइन् ।

आजको पहिलो खेलमा नेपाल पुलिस क्लबले प्रदेश १ लाई १ सय १८ रनको फराकिलो अन्तरले पराजित गरेको थियो । कर्णाली पहिलो खेलमा पुलिससँग डकवर्थ लेविस पद्धतिको आधारमा ६३ रनले पराजित भएको थियो । -हाम्रो खेलकुद

# कात्तिक १ सम्म महानगरले हात्तीसारको टुकुचामा डोजर चलाउन नपाउने



हात्तीसार क्षेत्रमा टुकुचा जमिनमुनि बगाउन निर्माण गरिएको भूमिगत सुरूङमाथि बनेका निजी घरहरू काठमाडौं महानगर पालिकाले कानुनविपरीत भत्काएको भन्दै उच्च अदालत पाटनमा परेका रिटको सुनुवाइ सरेको छ ।

न्यायाधीश टेकप्रसाद ढुंगाना र विमल सुवेदीको इजलासमा परेको उक्त रिटको सुनुवाइ कात्तिक १ गतेलाई सरेको रजिस्ट्रार ठगिन्द्र कट्टेलले जानकारी दिए । उनका अनुसार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट एउटा प्रतिवेदनको प्रमाणित प्रतिलिपि प्राप्त नभएको भन्दै सुनुवाइ सरेको हो ।

यसअघि अदालतले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सहसचिव जनकराज जोशी नेतृत्वको कार्यदलले बुझाएको प्रतिवेदनको प्रमाणित प्रतिलिपि झिकाउनू भनेको थियो । तर यसको निम्ति पत्राचार नै नभएकाले अन्तरिम आदेश छलफलसम्बन्धी सुनुवाइ गर्न नमिलेको अदालतको आदेशमा भनिएको छ ।

अन्तरिम आदेशसम्बन्धी छलफलका लागि कात्तिक १ को पेसी तोकेर आवश्यक कागजपत्र पेस गर्नू भनेर अदालतले भनेको छ । अदालतबाट जारी अल्पकालीन अन्तरिम आदेश पनि कात्तिक १ सम्म निरन्तरता दिइएको छ । भदौ सुरूतिर महानगरले टुकुचाको रेखांकन गर्न भन्दै नापी विभागलाई चिठी लेखेको थियो । त्यसपछि विभागले आफ्नो तालुकवाला भूमि व्यवस्था मन्त्रालयमा महानगरको प्रस्ताव जानकारी गराएको थियो । मन्त्रालयले त्यसपछि सहसचिव जनकराज जोशीको संयोजकत्वमा यसबारे अध्ययन गर्न समिति गठन गरेको थियो । समितिले मुख्य दुई निष्कर्ष निकालेर मन्त्रालयलाई प्रतिवेदन बुझायो । उक्त स्थानमा टुकुचाको नक्सा नै छैननक्सामै नदेखिएको कुरा रेखांकन गर्न मिल्दैन । कानुनलेनैत्यसरी रेखांकन गर्ने अधिकार आफूहरूलाई दिएको छैन भन्ने जोशीको कार्यदलले दिएको प्रतिवेदनमा उल्लेख छ । टुकुचा रेखांकन नै गर्ने भए सरोकारवाला निकायका प्रतिनिधि सम्मिलित समिति बनाउन र अध्ययन गरेर निकालिएको निष्कर्षका आधारमा प्रक्रिया अघि बढाउनुपर्छ भन्ने सुझाव पनि उक्त कार्यदलले दिएको जोशीले बताएका थिए ।

उच्च अदालतले मन्त्रालयको यही प्रतिवेदन झिकाउन आदेश दिएको हो । काठमाडौं उपत्यकाभित्रका नगरपालिका र नगरोन्मुख गाविसहरूमा गरिने निर्माणसम्बन्धी मापदण्ड, २०६४ मा नेपाल सरकार (मन्त्रिपरिषद) बाट २०६५ मंसिर १ मा भएको संशोधनसमेतको प्रमाणित प्रतिलिपि बाग्मती सभ्यता एकीकृत विकास समितिबाट तीन दिनभित्र झिकाउन पनि अदालतले भनेको छ । यसअघि उच्च अदालत पाटनले दुवै पक्षको बहस सुनेर अर्को आदेश नभएसम्म टुकुचाको भूमिगत सुरूङमाथि बनेका घरहरू नभत्काउन अल्पकालीन अन्तरिम आदेश दिएको थियो ।

हात्तीसार क्षेत्रका शारदा मानन्धर, किरण साखसहित २१ भन्दा बढी घरधनीले महानगरले टुकुचामाथि डोजर चलाउने अभियानविरूद्ध छुट्टाछुट्टै रिट दिएका थिए । आफूले विभिन्न व्यक्तिहरूसँग किनेको, महानगरबाटै नक्सापास गराएर घर बनाएको, वर्षौं पहिले नापी दर्ता गरेका आफ्ना निजी घरजग्गामा महानगरले अकस्मात डोजर चलाएको भन्दै उनीहरूले रिट दिएका हुन् ।

यी रिटमा पहिलो सुनुवाइ गर्दै उच्च अदालत पाटनले टुकुचा उत्खनन गर्ने महानगरको निर्णय र महानगरको आग्रहपछि भूमिसुधार मन्त्रालयको कार्यदलले बनाएको प्रतिवेदन लगायत सक्कल फाइल मगाएको थियो ।

काठमाडौं महानगरले भदौ अन्त्यतिर टुकुचा सुरूङ उत्खनन् गरी सतहमा ल्याउन हात्तीसार क्षेत्रमा डोजर चलाएको थियो । टुकुचामाथि बनेका घरहरू पनि महानगरको डोजरले भत्काएको थियो ।

# बिजुली बसको लहर, छैन चार्जिङ स्टेसन

काठमाडौं/ साझा यातायातका ३७ वटा बिजुली बस तिहारअघि नै काठमाडौं भित्रिदैछन् । सरकारकै लगानीमा खरिद गरिएका बिजुली बस चीनको नानजिङबाट काठमाडौंतर्फ ल्याइँदैछ । तर, बस नभित्रिँदै साझा यातायातको टाउको दुखाइको विषय बनेको छ, बिजुली बसको चार्जिङ स्टेसनसहित पार्किङ स्थल ।

साझा यातायातसँग हाल ७१ वटा डिजेल बस र ३ वटा बिजुली बस छन् । अहिलेसम्म ती बसहरु पुल्चोकस्थित साझा यातायातको केन्द्रीय कार्यालयमा पार्किङमा राखिन्छन् । अब ३७ वटा बिजुली बस आउने भएपछि साझा यातायात चार्जिङ र पार्किङ स्थल कसरी व्यवस्थापन गर्ने भनेर छटपटिएको छ । सरकारले अहिलेसम्म बिजुली बसका लागि चार्जिङ सुविधा दिने गरी बसपार्क बनाउन चासो दिएको छैन ।

साझाले बिजुली बससँगै आफ्ना लागि २० वटा चार्जिङ स्टेसन त किनेको छ, तर ती चार्जिङ स्टेसनहरु कहाँ राख्ने भन्ने टुंगो लागेको छैन । उपयुक्त जग्गाका लागि साझाको नजर सरकारतिर छ । गत वर्ष नै साझाले बिजुली बसका लागि चार्जिङ स्टेसन राख्ने जग्गा उपलब्ध गराउन आग्रह गर्दै पत्राचार गरेको थियो ।

तर, अझै पनि सरकारले जग्गा खोजी गरेर बिजुली बसका लागि डेडिकेटेड चार्जिङ स्टेसनसहित पार्किङको व्यवस्थापन गराउन अझै चासो दिएको छैन ।

***किन चाहिन्छ छुट्टै स्टेसन ?***

विज्ञहरुका अनुसार डिजेल बसहरुलाई जस्तो बिजुली बसका लागि पार्किङ क्षेत्र मात्रै छुट्याएर हुँदैन, पार्किङ क्षेत्रमै पर्याप्त चार्जिङ स्टेसन पनि राख्नुपर्छ । अझ रातिको समयमा धेरै बसहरु एकसाथ चार्जमा राख्नुपर्छ, दिउँसो समेत चार्जिङ स्टेसन चलाइरहनुपर्छ । यसले गर्दा डिजेल गाडीभन्दा बिजुली गाडीका लागि बढी क्षेत्रफलसहितको पार्किङ चाहिन्छ ।

सार्वजनिक यातायात विज्ञ आशिष गजुरेल बिजुली गाडीको मेरुदण्ड नै चार्जिङ पूर्वाधार भएको बताउँछन् । 'अरु बस जस्तो बिजुली बस कतै खाली ठाउँमा पार्क गर्न मिल्दैन, पार्किङमा चार्जिङ पोर्ट चाहिन्छन्', उनी भन्छन्, 'शहरभित्र चल्ने बसहरुमा लागि निश्चित ठाउँमा चार्जिङ स्टेसन अपरिहार्य चाहिन्छ, राति सबै बसहरु चार्ज गर्न पुग्छन्, त्यसैले पर्याप्त जग्गासहित चार्जिङ स्टेसन बनाउनुपर्छ ।'

काठमाडौंको मुख्य सहरी क्षेत्रभित्र जग्गा प्राप्त गर्न सहज नभएको भन्दै उनले सरकारले यसमा चासो दिनुपर्ने बताउँछन् । सरकारले यसतर्फ चासो नदिएका कारण साझा यातायात बिजुली बसको चार्जिङ गर्न मिल्ने गरी कहाँ बसपार्क बनाउने भन्ने अन्योलमा छ ।

उपत्यकाको सार्वजनिक सवारी व्यवस्थापन गर्न यातायात प्राधिकरण समेत गठनको तयारी भइरहेकै बेला साझासहित विभिन्न निजी क्षेत्रका कम्पनीका बिजुली बस पनि थपिँदैछन् ।

**प्रधानमन्त्री प्रतिबद्ध, तर काम भएन**

स्कटल्यान्डमा भएको नोभेम्बर २०२१ मा भएको जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (कोप-२६) मा सहभागी भएर फर्किएलगत्तै प्रधानमन्त्री शेरबहादुर देउवाले बसका लागि चार्जिङ स्टेसनका लागि जग्गा उपलब्ध गराउने प्रतिवद्धता जनाएका थिए ।

७ महिनाअघि मात्रै पनि बिजुली बसका लागि चार्जिङ स्टेसनको जग्गा खोज्न प्रधानमन्त्री देउवाले सम्बद्ध निकायहरुलाई निर्देशन दिइसकेका छन् । तर, मन्त्रालयहरुले उपत्यकाभित्र रहेका आफू मातहतको जग्गा चार्जिङ स्टेसनका लागि दिन चाहेका छैनन् ।

३७ वटा बिजुली बस आएपछि साझा यातायात काठमाडौं उपत्यकाकै सबैभन्दा ठूलो बस सेवा प्रदायक कम्पनी बन्नेछ । सुन्दर यातायातसहितका अन्य कम्पनी पनि बिजुली बस थप्ने योजनामा छन् ।

अझ साझा यातायात तुरुन्तै थप अहिलेको भन्दा ठूलो आकारका बिजुली बस ल्याउन कस्सिएको छ । साझाले एक वर्षभित्र अरु ५० देखि ८० वटासम्म लामा बिजली बस थप्ने योजना बनाइसकेको छ । त्यसका लागि कम्पनीहरुसँग उपलब्ध बसहरुको स्पेसिफिकेसनबारे साझाले अध्ययन गरिरहेको छ ।

यस्तो अवस्थामा साझालाई फराकिलो पार्किङ स्पेससहितको चार्जङ स्टेसन आवश्यक रहेको साझा यातायातका अध्यक्ष कनकमणि दीक्षित बताउँछन् । प्रधानमन्त्री शेरबहादुर देउवाले साझालाई चार्जिङ स्टेसनका लागि जग्गा उपलब्ध गराउने आश्वासन दिइसकेको दीक्षित बताउँछन् ।

'प्रधानमन्त्रीज्यूको सदासयता भएपनि हामीले जग्गा पाइसकेका छैनौं', उनले भने, '३ वटा बिजुली बसको परीक्षण सफल भइसकेको छ, ३७ वटा बस आउने कुराले हामी उत्साहित छौं, चार्जिङ स्टेसनको लागि जग्गा नहुँदा व्यवस्थापन चुनौतीपूर्ण हुन्छ ।'

बस धमाधम ल्याइरहे पनि साझालाई त्यसलाई व्यवस्थापन गर्न चार्जिङ पूर्वाधारको प्रबन्ध गर्नु पनि चुनौतीपूर्ण रहेको उनले बताए । -साभार: अनलाइनखबर

***के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?***

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# नेता ग्लानले बार्गेनिङ गरे की पीडा लुकाए ?

साझाकुरा संवाददाता

हेटौंडा, २६ असोज/ नेकपा माओवादी केन्द्र मकवानपुरका नेता तथा बागमती प्रदेशसभा सदस्य ओमबहादर ग्लान(प्रदीप वालाचन)ले २५ असोजमा लेखेको एउटा स्ट्यासले राजनीतिक वृतमा खैलामैला मच्चायो ।

'एउटा कठोर निर्णय गरे, प्रिय अप्रिय जे भएपनि परेको सहुँला । व्यहोरौला । भोली सबिस्तार तपाईमाँफ विवरण खोलौला, आजलाई माफ गर्नुहोला,' ग्लानले लेखेको स्ट्याटस यस्तो थियो । निर्वाचनको संघारमा आएको उनको स्ट्याटसले टिकट नपाएको झोक रहेको प्रष्टै खुल्थ्यो ।



कठोर निर्णयपछि सहुँला, व्यहोरौला भन्ने आशयले पार्टी छोड्नेसम्मको चेतावनी पनि स्ट्याटसमा थियो । सँगै आजलाई हैन, भोली सबिस्तार बताउँछु भन्नुले उनले बार्गेनिङका लागि ठाउँ छोडेको प्रष्टै देखिन्थ्यो । नेता ग्लानले न कठोर निर्णय लिए, न त स्ट्याटससँग मिल्दोजुल्दो विषय उठाए ।

ग्लानले स्ट्याटसभन्दा विपरित गठबन्धनका नेताहरुलाई भोट मागे । २६ असोज ४ बजे फेसबुक लाइभमा आएका ग्लानले बार्गेनिङ गरे की पीडा लुकाएर गठबन्धनका उम्मेदवारहरुलाई भोट मागे भन्ने प्रश्न पार्टीभित्रै र आम राजनीतिज्ञमा छोडे । आगामी प्रदेशसभा निर्वाचनमा ग्लान प्रत्यक्ष उम्मेदवारका दाबेदार थिए । यसअघि उनी समानुपातिकबाट सांसद बनेर प्रदेशसभा छिरेका थिए ।

गठबन्धनमा भागबण्डा मिलाउँदा ग्लान आगामी प्रदेशसभा निर्वाचनमा प्रत्यक्ष उम्मेदवार बन्नबाट बञ्चित भएका थिए । जसकारण ग्लानले मंगलबार स्ट्याटस लेखेको उनी निकट नेताहरु बताउँछन् । ग्लान बुधवार दिउँसो ४:०० बजे फेसबुक लाइभमा प्रेस विज्ञप्तिसहित आए । गठवन्धनलाई विजयी गराउन भन्दै ग्लानले गठबन्धनका नेताहरुले हस्ताक्षर गरेर विज्ञप्ति समेत निकालिसकेको विषय निकालेका थिए ।

ग्लानको लाईभमा माओवादी केन्द्रले उनको निर्वाचन क्षेत्रमा गएको १० वर्षबाट गोलाकार भित्रको हसियाँ हथौडामा भोट हाल्न नपाएको पीडा बाहिर ल्याएका थिए । ग्लानलाई बुधवार नेकपा माओवादी केन्द्र मकवानपुरका शिर्ष नेताहरु फकाउन कसरत गरेका थिए । कतिपय नेताहरु मनहरीसम्मै पुगेका थिए ।

# युवा तथा महिला पत्रकारहरुलाई नेतृत्व विकास प्रशिक्षण

साझाकुरा संवाददाता

हेटौंडा, २६ असोज/ मकवानपुरका युवा तथा महिला पत्रकारहरुलाई नेतृत्व विकास प्रशिक्षण दिइएको छ ।

नेपाल पत्रकार महासंघको आयोजना र जिल्ला शाखाको संयोजनमा तथा अन्तर्राष्ट्रिय पत्रकार महासंघ (आईएफजे)को सहयोगमा मकवानपुरका युवा तथा महिला पत्रकारहरुलाई नेतृत्व विकास प्रशिक्षण दिइएको हो । कार्यक्रममा नेपाल पत्रकार महासंघका पुर्व अध्यक्ष डा. सुरेश आचार्यले प्रशिक्षण दिएका थिए । जिल्ला अध्यक्ष मणिराज गौतमको अध्यक्षतामा भएको कार्यक्रममा मकवानपुरका २५ भन्दा बढी युवा तथा महिला पत्रकारहरुको सहभागिता रहेको थियो ।

कार्यक्रममा महासंघका कार्यक्रम संयोजक रामप्रसाद दाहालले लिङ्ग र लैङ्गिकताको बारे आफ्नो कार्यपत्र प्रस्तुत गरेका थिए । कार्यक्रममा महासंघकी केन्द्रीय सचिव श्रीजना अर्याल, मकवानपुरका पुर्व अध्यक्ष नवराज शर्मा, राममणि दाहाल, भानुभक्त आचार्य, हरि हुमागाई लगायतको उपस्थिती रहेको थियो ।

# वर्षाका कारण थाहामा खेत बगायो



साझाकुरा संवाददाता

हेटौंडा, २६ असोज/ अत्यधिक वर्षाको कारण थाहा १२ का स्थानीय मर्कामा परेका छन् ।

लगातार परेको पानीले सानोकान्छा थिङको ६ रोपनि र सुकमान स्याङ्तानको ४ रोपनि जग्गासमेत बगाएपछि स्थानिय समस्यामा परेका हुन् ।

पानीले स्थानियले लगाएका सबै प्रकारका बालिमा क्षति पुऱ्याएको छ । 'हामीले लगातारको वर्षाले पुऱ्याएको क्षतिको विवरण संकलन गरिरहेका छौँ, स्थानीयले लगाएको बालिमा निकै क्षति पुगेको छ, छिट्टै वडा कार्यसमितिको बैठक बसेर निर्णय गरी राहात दिने तयारी गरेका छौं - वडा अध्यक्ष टिकाराम स्याङतान' । घरमात्रै नभएर नवनिर्मित पदमार्गसमेत भासिन थालेको स्थानीयवासीले बताएका छन् ।

# चुनावको लागि मकवानपुरमा एक हजार ६ सय म्यादी छानिए

साझाकुरा संवाददाता

हेटौंडा, २६ असोज/ आगामी मंसिर ४ गते हुने प्रदेशसभा तथा प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मकवानपुरमा एक हजार ६ सय ९९ जना म्यादी प्रहरी छानिएका छन् ।

जिल्ला प्रहरी कार्यालयले मंसिरमा हुने निर्वाचनको लागि मकवानपुरमा एक हजार ६ सय ९९ जना म्यादी प्रहरी छानिएको जनाएको हो । जिल्लामा पूर्व सुरक्षाकर्मी र पूर्व म्यादी प्रहरीतर्फ ८ सय ५ जना, खुलातर्फ ८ सय ९४ जना गरी एक हजार ६ सय ९९ जनालाई छनौट गरेको छ ।

म्यादी प्रहरीका लागि सफल उम्मेदवारहरुलाई बुधबारबाटै नियुक्तीपत्र प्रदान गरिएको छ । छनौट भएका म्यादी प्रहरीलाई ३० गतेबाट १० दिनको तालिम दिइने



जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख (प्रहरी उपरीक्षक) बामदेव गौमतले जानकारी दिए । अन्तरवार्तामा सहभागी उम्मेदवार मध्ये योग्यताक्रम अनुसार सफल र वैकल्पिक उम्मेदवारको नाम सार्वजनिक गरिएको उनले बताए । ३ सय ३५ जनालाई वैकल्पिक उम्मेदवारका रुपमा छनौट गरिको पनि उनको भनाइ छ ।

# प्रदेशबाट कांग्रेसका १८ मध्ये ५ जना नयाँ अनुहार

हेटौंडा, २६ असोज/ आगामी निर्वाचनमा नेपाली कांग्रेसले प्रतिनिसिधसभातर्फ बागमती प्रदेशबाट १८ सिटमा ५ जना नयाँ अनुहारलाई चुनावी मैदानमा उतारेको छ । सत्ता गठबन्धनमा भागबण्डा हुँदा प्रतिनिधिसभातर्फ बागमती प्रदेशको ३३ वटा सिटमध्ये कांग्रेसको भागमा परेको १८ सिटमा ५ जना नयाँ र बाँकी १३ सिटमा पुराना नेतालाई उम्मेदवार बनाएको हो ।



कांग्रेसले प्रतिनिधिसभा सदस्य पदका लागि चितवन, भक्तपुर, सिन्धुलीको एक/एक र काठमाडौंको २ वटा क्षेत्रमा नयाँ उम्मेदवार उठाएको हो । कांग्रेसले चितवन-१, भक्तपुर-२, काठमाडौं- ३ र ५, सिन्धुली-१ मा नयाँ उम्मेदवारलाई अघि सारेको छ भने चितवन-२, काभ्रे-२, काठमाडौं-१, ४, ६, १०, रसुवा, नुवाकोट-२, सिन्धुपाल्चोक-२, धादिङ-२, मकवानपुर-१, ललितपुर-१ र रामेछापमा पुराना नेतालाई नै अवसर दिएको छ ।

कांग्रेसले चितवन-१ विश्व पौडेललाई उम्मेदवार बनाएको छ । उनी पहिलो पटक चुनावी मैदानमा होमिएका छन् । कांग्रेसले सो क्षेत्रबाट प्रतिनिधिसभा सदस्य पदको उम्मेदवार बनाउन उनलाई राष्ट्रिय योजना आयोगको उपाध्यक्ष पदमाबाट राजीनामा गराएको थियो । सो क्षेत्रमा २०७० र २०७४ को निर्वाचनमा कांग्रेसका राजेन्द्रप्रसाद बुर्लाकोटी उम्मेदवार बन्दै आएका थिए । यस पटक पनि बुर्लाकोटीले सो क्षेत्रमा दाबी गरे पनि पार्टीले पौडेललाई टिकट दियो । त्यस्तै कांग्रेसले भक्तपुर-२ मा पनि नयाँ अनुहारलाई उम्मेदवार बनाएको छ । भक्तपुर-२ बाट कांग्रेसले दुर्लभ थापालाई उम्मेदवार बनाएको छ । कांग्रेसले टिकट दिएसँगै उनी पहिलो पटक संसदीय निर्वाचनमा होमिएका छन् । २०७४ को निर्वाचनमा सो क्षेत्रबाट कांग्रेसका दमननाथ ढुंगाना उम्मेदवार थिए । कांग्रेस भक्तपुरका सभापतिसमेत रहेका थापालाई आगामी निर्वाचनमा नयाँ अनुहारका रुपमा अघि सारिएको हो ।

कांग्रेसले काठमाडौं-३ मा पनि नयाँ अनुहारलाई स्थान दिएको छ । कांग्रेसले प्रतिनिधिसभातर्फ काठमाडौं-३ मा सन्तोष चालिसेलाई उम्मेदवार बनाएको छ । उनी पहिलो पटक चुनावमा प्रतिस्पर्धा गर्दै छन् । चालिसे २०७४ को स्थानीय तहको निर्वाचनमा गोकर्णेश्वर नगर पालिकाको मेयर पदमा निर्वाचित भएका थिए । मेयर पदको ५ वर्षे कार्यकाल सकेर उनले संघीय संसदमा चुनाव लड्ने अवसर पाएका हुन् । कांग्रेसले काठमाडौं-५ मा पनि नयाँ अनुहारलाई उम्मेदवार बनाएको छ । सो क्षेत्रमा कांग्रेसबाट प्रदीप पौडेल उम्मेदवार बनेका छन् । संसदीय निर्वाचनमा उनको यो दोस्रो प्रतिस्पर्धा भए पनि प्रतिनिधिसभातर्फ भने उनको पहिलो चुनावी लडाइँ हो । उनी यसअघि गण्डकी प्रदेशसभा सदस्य पदका लागि २०७४ को निर्वाचनमा तनहुँ-२ 'क'बाट प्रतिस्पर्धा गरेका थिए । सो निर्वाचनमा उनी माओवादी केन्द्रकी आशा कोइरालासँग पराजित भएका थिए । कांग्रेसले सिन्धुलीमा पनि नयाँ व्यक्तिलाई चुनावमा उतारेको छ । सिन्धुली-१ मा कांग्रेसबाट श्यामकुमार घिमिरे उम्मेदवार बनेका हुन् । संघीय संसदीय निर्वाचनमा उनको यो पहिलो प्रतिस्पर्धा हो । २०७४ को निर्वाचनमा उनी सिन्धुली-१ 'ख'बाट बागमती प्रदेशसभा सदस्य पदका उम्मेदवार थिए । सो निर्वाचनमा उनलाई एमालेका प्रदीप कुमार केसीले पराजित गरेका थिए ।

कांग्रेसले चितवन-२ मा दुई पटक सांसद भइसकेका उमेश श्रेष्ठ, काभ्रे-२ मा २०५६ को निर्वाचनमा निर्वाचित भएका र २०७० को दोस्रो संविधानसभा निर्वाचनमा पराजित भएका शिवप्रसाद हुमागाईं, काठमाडौं-४ बाट यसअघि निर्वाचित भइसकेका गगनकुमार थापा, काठमाडौं-१ मा २०६४, २०७०, २०७४ को निर्वाचनमा विजयी भएका प्रकाशमान सिंह, काठमाडौं-६ मा २०६४ को निर्वाचनमा पराजित भएका तथा २०७० र २०७४ को निर्वाचनमा जितेका भीमसेनदास प्रधान, काठमाडौं-१० मा २०६४ बाट संसदीय निर्वाचन लडेर पराजित भएका र २०७० र २०७४ मा विजयी भएका राजेन्द्र कुमार केसीलाई उम्मेदवार बनाएको छ ।

त्यस्तै कांग्रेसले रसुवाको एक मात्र निर्वाचन क्षेत्रमा २०७४ को निर्वाचनमा निर्वाचित भएका मोहन आचार्य, नुवाकोट-२ मा पुराना नेता अर्जुननरसिंह केसी, २०५६ र २०७० को निर्वाचन जितेका मोहनबहादुर बस्नेतलाई सिन्धुपाल्चोक-२ बाट उम्मेदवार बनाएको छ ।

त्यसैगरी ललितपुर-१ मा २०६४ र २०७४ को निर्वाचनमा पराजित भएका तथा २०७० मा जित हात पारेका उदयशमशेर राणा, रामेछापबाट यसअघि पनि प्रतिस्पर्धा गरेका कान्छाराम तामाङ, धादिङ-२ मा २०५६ को निर्वाचन जितेका तथा २०६४, २०७० को निर्वाचनमा पराजित भएका रामनाथ अधिकारी, २०४८ सालदेखि विभिन्न निर्वाचनमा पराजित भएकी महालक्ष्मी उपाध्याय 'डीना'लाई मकवानपुर-१ बाट कांग्रेसले उम्मेदवार बनाएको छ ।

*- रातो पाटीबाट साभार*

# १ सय ५८ जनामा डेंगु पुष्टि

साझाकुरा संवाददाता

हेटौंडा, २६ असोज/ मकवानपुरमा थप १ सय ५८ जनामा डेंगु संक्रमण पुस्टि भएको छ ।

जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरले बुधबार एकैदिनम जिल्लाको १ सय ५८ जनामा डेङ्गु संक्रमण पुष्टि भएको जनाएको हो ।

जसमा हेटौंडा उपमहानगरपालिकामा मात्रै १ सय ४४ जनामा डेंगु संक्रमण देखिएको छ । मकवानपुरगढी गाउँपालिकामा ३ जना, मनहरी गाउँपालिकामा ५ जनामा संक्रमण देखिएको छ ।

त्यसैगरी, भीमफेदी गाउँपालिका र बकैया गाउँपालिकामा १/१ जनामा र अन्य जिल्लाका ४ जनामा डेंगु देखिएको हो । यो सँगै हालसम्म मकवानपुर जिल्लामा ३ हजार ७ सय ६२ जनामा डेंगुको संक्रमण देखिएको कार्यालयले जनाएको छ ।

## दिव्य तारा बहुउद्धेश्यीय सहकारी संस्था लि.

DIVYA TARA MULTIPURPOSE CO-OPRETIVE SOCIETY LTD.
हेटौडा-२, पल्पसा रोड, मकवानपुर

## बार्षिक साधारणसभासम्बन्धी सूचना

यस संस्थाको मिति २०६९।०६।२६ गते बसेको संचालक समितिको बैठकको निर्णयबमोजिम २४ औ वार्षिक साधारणसभा तपशिलका विषयहरुमा छलफल गर्न निम्नानुसार मिति, समय र स्थानमा संचालन गरिने भएकोले यहाँको अनिवार्य उपस्थितिको लागी हार्दिक अनुरोध गर्दछौं ।

**छलफलका विषयहरु:**
१. संस्थापक अध्यक्ष ज्युको सम्वोधन ।
२. संचालक समितिको तर्फबाट अध्यक्ष ज्युबाट वार्षिक प्रतिवेदन तथा भावी कार्ययोजना प्रस्तुत ।
३. कोषाध्यक्षबाट २०७८/२०७९ को लेखा परिक्षकबाट तयार पारेको वित्तीय विवरणसहित ऋण समितिको प्रतिवेदन प्रस्तुत ।
४. आन्तरीक लेखा सुपरिवेक्षण समितिको तर्फबाट तयार पारिएको शुसासन सम्बन्धी प्रतिवेदन ।
५. आ.व. २०७९/०८० को लागी लेखा परिक्षक नियुक्ती तथा पार श्रिमिक निर्धारण सम्वन्धमा ।
६. सदस्य सेवा केन्द्र भवन निर्माण सम्वन्धमा ।
७. आन्तरीक वित्तीय एवम् व्यवसायीक कार्यविधि सम्वन्धमा ।
८. विनियम २०५५ शंशोधन तथा पुनरलेखन सम्बन्धमा ।
९. २०७८/२०७९ को लाभांस वितरण सम्वन्धमा ।
१०. संचालक समिति सदस्य रिक्त पद पदपूर्ती सम्बन्धमा ।
११. निर्णय पुस्तिका प्रमाणित प्रतिनिधी चयन सम्वन्धमा ।
१२. विविध ।

**नोट:** यस दिव्यतारा बहुउदेश्यीय सहकारी संस्था लि. को सदस्य सेवा केन्द्रहरुमा तपशिलबमोजीमको मिति समय र स्थानमा वार्षिक शाधारण सभा हुने भएकोले आ-आफ्नो सेवाकेन्द्रमा उपस्थित भई दिनको लागी सम्पूर्ण शेयर सदस्यहरुमा यो सूचना सूचीत गरीन्छ ।

| क.न. | सेवा केन्द्र | मिति | स्थान |
|---|---|---|---|
| १ | रामधुनी सेवा केन्द्र | २०७९।०७।१४ | हेटौडा-१८, रामधुनी |
| २ | मकवानपुरगढी सेवा केन्द्र | २०७९।०७।१५ | मकवानपुरगढी गा.पा, शिखरकोट-२ |
| ३ | चितवन सेवा केन्द्र | २०७९।०७।१५ | भरतपुर महानगरपालिका, छेत्रपुर-२ |
| ४ | पदमपोखरी सेवा केन्द्र | २०७९।०७।१६ | हेटौडा-१२, पदमपोखरी |
| ५ | राईगाउ सेवा केन्द्र | २०७९।०७।१७ | बागमती गा.पा. राईगाउ-२ |
| ६ | ललितपुर सेवा केन्द्र | २०७९।०७।१७ | ललितपुर महानगरपलीका, बागडोल-१३ |
| ७ | कमाने सेवा केन्द्र | २०७९।०७।१९ | हेटौडा-७, कमाने |
| ८ | पालुङ सेवा केन्द्र | २०७९।०७।१९ | थाहा नगरपालीका, शिखरकोट-३ |
| ९ | सान्नानीटार सेवा केन्द्र | २०७९।०७।२० | हेटौडा-१९, सान्नानीटार |
| १० | इन्द्रसरोवर सेवा केन्द्र | २०७९।०७।२० | इन्द्रसरोवर गा.पा., कुलेखानी-२ |
| ११ | मनहरी सेवा केन्द्र | २०७९।०७।२१ | मनहरी गा.पा., मानहरी-७ |
| १२ | मुख्य कार्यालय | २०७९।०७।२६ | हेटौडा-२, पल्पसा हल |

गणेश प्रसाद भेटूवाल
उपाध्यक्ष

केन्द्रीय कार्यालय हेटौंडा-२, पल्पसारोड, बागमती प्रदेश, हेटौंडा, मकवानपुर, नेपाल, फोन नं. ०५७-५२४९१६, ५२५५१७ E-mail: divyatara2000@gmail.com, Website: www.divyatara.com.np







**HETAUDA CITY HOSPITAL PVT.LTD.**

*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.







साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना